बैठक मितिः २०८१/०९/०५

बैठक सङ्ख्याः २४

छलफल तथा निर्णयः

१. सोह्रौं योजनाको अङ्ग्रेजी अनुवादको मस्यौदा परिमार्जन सहित स्वीकृत गरी प्रकाशन गर्ने।
२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रबाट उच्च सरकारी वकील कार्यालय पाटन, ललितपुरको नयाँ कार्यालय भवन निर्माण गर्न रु.३६ करोड वरावरको बहुवर्षीय ठेक्का सहमतिको लागि लागि आएकोमा अर्थ मन्त्रालयको २०८१/०९/०२ को पत्रमार्फत चालु आ.व. २०८१/८२ मा विनियोजित बजेट सहित जम्मा रु ३६ करोड बराबरको स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(४) बमोजिम उच्च सरकारी वकील कार्यालय पाटन, ललितपुरको नयाँ कार्यालय भवन निर्माण आयोजनाको बहुबर्षीय ठेक्का सहमति प्रदान गर्ने।
३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट गुर्भाकोट नगरपालिका वडा नं. ३ स्थित श्री कालिका मा.वि. नादे धारापानी, सुर्खेतमा भवन निर्माणको लागि ६ रोपनी (०.३०५ हेक्टर) जग्गा भोगाधिकार प्रयोजनार्थ अनुरोध भै आएकोमा उक्त आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।
४. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्रबाट प्राप्त "श्रम आप्रवासन नीतिको २०८१"को मस्यौदामा राय पठाउने विषयमा छलफल हुँदा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका पदाधिकारी र आयोगका पदाधिकारीकोवीच छलफल गरी उक्त मस्यौदालाई टुङ्गोमा पुर्याउने।